
'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १७२ आइतवार ०४ फागुन, २०८१ 16 (Sunday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

# लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना विकास परिषदबाट पारित

नमस्ते समचारदाता

दाङ, फागुन/०३



लुम्बिनी प्रदेश योजना आयोगले प्रदेश विकास परिषद्को बैठकमार्फत दोस्रो आवधिक योजना पारित गरेको छ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री तथा योजना आयोगका अध्यक्ष चेतनारायण आचार्यको अध्यक्षतामा सम्पन्न बैठकले दोस्रो आवधिक योजना पारित गर्ने निर्णय गरेको योजना आयोगका उपाध्यक्ष डा. डिल्लिराज अर्यालले जानकारी दिनुभयो । प्रदेश विकास परिषद बैठकमा आएका सुझावहरुलाई समेटेर प्रदेश मन्त्रिपरिषद् बैठकमा पेश गर्नेगरी आवधिक योजनाको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाइनेछ । मुख्यमन्त्री चेत नारायण आचार्यले बैठकलाई सम्वोधन गर्दै आवधिक योजना र आयोजना बैंकलाई योजना छनोटको आधारको रुपमा लिएर कार्यान्वनयमा लैजाने बताउनु भयो । प्रदेश सरकारले बनाउने योजनाहरु तथ्यांक र प्रमाणमा आधारित हुने समेत स्पष्ट पार्नु भयो । समृद्ध लुम्बिनीः खुसी नागरिक'सोचका साथ अघि बढाइएको दोस्रो आवधिक योजनाले दिगो र समावेशी आर्थिक विकास सहितको सामाजिक न्यायमा आधारित समुन्नत समाजको निर्माणलाई लक्ष्य लिएको छ। योजनाले कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, सघन अन्तरआबद्धता तथा गुणस्तरीय पूर्वाधार निर्देशित उच्च तथा तीव्र आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य राखेको छ । यस्तै व्यवसायिक सीप र प्रविधिमा आधारित उद्यमशीलताको विकासमार्फत उत्पादनशील रोजगारी सिर्जना गर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सर्वसुलभ पहुँच सुनिश्चित गरी स्वस्थ र दक्ष मानव पुँजी निर्माण गर्ने, विद्यमान विभेद र असन्तुलन न्यूनीकरण गरी सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने उद्देश्य राखेको हो । यसैगरी सेवा प्रवाह तथा विकासका आयाममा नवीनतम अभ्यास र प्रविधिको प्रयोगमार्फत सुशासन र जवाफदेहिताको प्रत्याभूति गर्ने तथा स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्न नीतिगत र संरचनागत सुधार गर्ने उद्देश्य लिएको छ । दोस्रो आवधिक योजनाले लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर ७.१६ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । निरपेक्ष गरिबीको दर २४.३५ प्रतिशतबाट घटाएर १५ प्रतिशतमा ल्याउने, प्रतिव्यक्ति आय एक हजार एक सय ५९ अमेरिकी डलरबाट बढाएर एक हजार पाँच सय १४ डलर पुऱ्याउने, जन्मदाको औसत आयु साढे ६९ वर्षबाट बढाएर ७३ वर्ष पुऱ्याउने, मानव विकास सूचकाङ्क ०.५६३ बाट ०.६१० पुऱ्याउने, लैङ्गिक विकास सूचकाङ्क ०.८८६ बाट ०.९०१ पुऱ्याउने, बेरोजगारी दर ८ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा सीमित गर्ने तथा श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशतबाट बढाएर ५० प्रतिशत पुऱ्याउने योजना बनाइएको छ । साथै, १५ वर्षमाथिको साक्षरता दरलाई ७८.०८ प्रतिशतबाट बढाएर ९८ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ। प्रदेश विकासको खाकाअनुसार योजनाले पाँचवटा मुख्य संवाहकहरूलाई प्राथमिकता दिएको छ । जसमा कृषि, उद्योग र पर्यटन, पूर्वाधार विकास (अन्तरप्रदेश तथा आन्तरिक अन्तरआबद्धता), मानव संसाधन विकास, उद्यमशीलता विकास तथा उत्पादनशील रोजगारी, हरित तथा डिजिटल अर्थतन्त्र तथा सुशासन तथा समावेशी विकास रहेका छन् ।

बाँकी ३ पेजमा...

# नारामा रोजगार, व्यवहारमा बेरोजगार

नमस्ते समचारदाता

दैलेख, फागुन/०३



भगवतीमाई गाउँपालिका-२, रुमका १९ वर्षीय भूपेन्द्र विकले कक्षा ७ पढ्दापढ्दै विद्यालय छोड्नुभयो । घरको आर्थिक अवस्थाका कारण विद्यालय छाडेर कालापहाड जाने गरेका उहाँले गाउँमै रोजगारी पाउने उद्देश्यले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन फाराम भर्नुभयो तर उहाँले दुई आर्थिक वर्षसम्म कुनै रोजगारी पाउनु भएन । वडामा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम दुवैमा रोजगारी नपाएपछि उहाँ पुनः कालापहाड जान बाध्य हुनुभयो। उहाँ जस्तै भगवतीमाई गाउँपालिका-३ का टीकाराम रेग्मी रोजगारीका लागि वडामा सूचीकृत हुनुभयो तर उहाँले रोजगारी पाउन सक्नुभएको छैन। वडामा प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रम कमै आउने र रोजगारीका लागि प्राथमिकता नपर्ने भएपछि उहाँले यो वर्ष वडाले खोलेको बेरोजगार व्यक्तिको फाराम नै भर्नुभएन। कामको खोजीमा अन्य मुलुक र भारत जाने युवालाई देशमा रोजगारी दिने आश्वासन दिएर निर्वाचन जितेका जनप्रतिनिधिले युवालाई रोजगारी दिनेभन्दा पनि योजना निर्माण गर्दा ठेक्का दिने र डोजर लगाएर काम गर्ने समस्याले रोजगारी पाउन नसकेको स्थानीय युवाले बताएका छन् । भगवतीमाई गाउँपालिका-२ का भूपेन्द्र विकले स्थानीय सरकार तथा प्रदेश र सङ्घ सरकारबाट सञ्चालन हुने धेरै योजना ठेक्कामा हुने र युवाले रोजगारीसमेत नपाउने समस्या रहेको बताउनुभयो । उहाँले ठेकेदारले समेत कामदार बाहिरबाट ल्याउने र यहाँका युवा काम खोज्न भारत लगायतका मुलुकमा जानुपर्ने बाध्यता रहेको बताउनुभयो। भगवतीमाई गाउँपालिका-३ का वडाध्यक्ष मान बहादुर खड्काले गाउँपालिकाबाट रोजगारीका कार्यक्रम कम आउने समस्याले वडामा रोजगारी दिन नसकेको बताउनुभयो । उहाँले वडामा २० जनाका लागि रोजगारी आउने र १५० जना सूचीकृत हुने समस्याले सबैलाई समेट्न नसकिएको जनाउनुभयो। प्रत्येक वर्ष एकभन्दा बढी सूचीकृत हुने गरे पनि प्राथमिकता दिएर रोजगारी दिँदा १५ देखि २० जनालाई मात्र रोजगारी कार्यक्रममा जोड्न सकिन्छ। गाउँपालिकामा आव २०७९/८० मा सूचीकृत भएका बेरोजगारको संख्या एक हजार आठ सय छ। त्यसमा ९९३ जना महिला र ८०७ जना पुरुष छन्। आव २०८०/८१ म भगवतीमाईमा एक हजार ४५ जना बेरोजगार सूचीकृत भएका थिए। उक्त आवमा सूचीकृत भएकामध्ये महिला ७३४ र पुरुष ३११ थिए। भगवतीमाई गाउँपालिकाका रोजगार संयोजक बल बहादुर भण्डारीले वडामा सूचीकृत सबैलाई रोजगारी दिन नसकिएको बताउनुभयो । भगवतीमाई गाउँपालिकाका निवर्तमान अध्यक्ष दान बहादुर थापाले आफ्नो पालामा युवालाई रोजगारीमा जोड्न श्रम रोजगार बैङ्क स्थापना गरी काम सुरु गरिए पनि प्रभावकारी हुन नसकेको बताउनुभयो।

बाँकी ३ पेजमा...

## स्थानीय पर्यटन प्रवर्द्धनका लागि पत्रकार सद्भाव बनभोज

# लायन्स पार्क विकासमा पत्रकारको महत्वपूर्ण भूमिका–अध्यक्ष चौधरी

सरला सुवेदी

बाँके, फागुन/०३



नेपाल पत्रकार महासङ्घ बाँकेको आयोजना र डुडुवा गाउँपालिकाको सहकार्यमा स्थानीय पर्यटकीय स्थलहरूको प्रवर्द्धनार्थ पत्रकार सद्भाव बनभोज कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा बाँकेका विभिन्न सञ्चारमाध्यमका २५० भन्दा बढी पत्रकारहरूको उपस्थिति रहेको थियो । डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र चौधरी प्रमुख अतिथिका रूपमा कार्यक्रमलाई सम्बोधन गर्दै यस्ता कार्यक्रमहरूले पत्रकारहरू बीचको आपसी सद्भाव बढाउने र मनमुटावको अन्त्य गर्ने विश्वास व्यक्त गर्नुभयो । साथै, उहाँले डुडुवा गाउँपालिकालाई संस्कारयुक्त पालिका बनाउन विद्यालयहरूमा विशेष अभियान सञ्चालन गरी अध्ययन नै गराउने निर्देशन दिएको बताउनुभयो । पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसारका लागि नेपाल पत्रकार महासङ्घसँग सहकार्य भइरहेको उल्लेख गर्दै उहाँले सिद्धिबिनायक लायन्स पार्कजस्ता स्थानहरूलाई पर्यटकीय हबका रूपमा विकास गर्न महासङ्घसँगको सहकार्य अझै सशक्त बनाउने प्रतिबद्धता जनाउनुभयो । साथै, पत्रकार महासङ्घको माथिल्लो तलामा सभा हल निर्माणका लागि गाउँपालिकाको तर्फबाट सहयोग गर्ने प्रतिज्ञा गर्नुभयो । कार्यक्रममा विशिष्ट अतिथि नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाईंले यस्ता सद्भावपूर्ण कार्यक्रमहरूले सञ्चारकर्मीहरू बीच एकता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँका अनुसार पत्रकारहरू स्थानीय पर्यटन प्रवर्द्धनका लागि बलियो माध्यम हुन् । सिद्धिबिनायक लायन्स पार्कजस्ता स्थानहरूको प्रचारप्रसार गर्दै पत्रकारहरूले पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउन सक्ने उल्लेख गर्नुभयो । कार्यक्रमको अध्यक्षता नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरीले गर्नु भएको थियो । उहाँले आफ्नो कार्यकालको पहिलो औपचारिक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा खुशी व्यक्त गर्दै आगामी तीन वर्ष भित्र पत्रकारहरूको हकहितका लागि विभिन्न कार्यक्रम गर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा मनोरञ्जनात्मक गतिविधिहरू समेत समावेश गरिएका थिए।

बाँकी ३ पेजमा...



**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सुशासन प्रवर्धनमा अख्तियार

नेपालमा सार्वजनिक सेवा प्रवाहलाई सुशासनमैत्री बनाउने निरन्तरको प्रयास अझै पनि चाहे जसरी सार्थक हुन सकेको छैन। तीन तहका सरकारका विभिन्न निकायमा सेवाग्राहीले अनेक दुःख र हन्डर खानुपर्ने गुनासो व्यापक छ। सजिलै काम हुने प्रवृत्ति असाध्य सीमित छ। सूचना प्रविधिको प्रयोगले संसारभरि सेवा प्रवाह पारदर्शी, सरल र सुलभ हुँदै गए पनि नेपालमा त्यस्तो संस्कृति संस्थागत हुन सकेको छैन। सार्वजनिक सेवा प्रवाहमा अनेक समस्याका साथै भ्रष्टाचार र अनियमिततामा पनि चाहे जसरी न्यूनीकरण हुन सकेको छैन। भ्रष्टाचार न्यूनीकरण नहुँदासम्म सुशासन प्रवर्धन हुन सक्दैन भने देशले लिएको समृद्धिको लक्ष्यमा पुग्न पनि कठिन छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण योगदान दिँदै आएको छ। स्थानीय तहदेखि तिनै तहका सरकारका विभिन्न निकायमा भएका गैरकानुनी कार्यको अख्तियारमा उजुरी पर्ने क्रमले पनि यो संवैधानिक निकायप्रति नेपाली जनताको अटुट विश्वास देखिन्छ। ३४ औँ स्थापना दिवसका अवसरमा आयोगले सोमबार सुशासन प्रवर्धनमा अझ बढी प्रतिबद्धता देखाएको छ। अख्तियारको योगदानको विमर्श गरिरहँदा नेपालको भ्रष्टाचारको अवस्था बाह्य संसारसँग पनि तुलना गर्नुपर्ने हुन्छ। यसै क्रममा मंगलबार मात्र ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले भ्रष्टाचार अवधारणा सूचकाङ्क सार्वजनिक गरेको छ। दक्षिण एसियामै नेपालको अवस्था औसत देखिन्छ। दक्षिण एसियाली राष्ट्रहरूमध्ये भुटानले ७२ अङ्क, भारतले ३८, माल्दिभ्सले ३८, नेपालले ३४, श्रीलङ्काले ३२, पाकिस्तानले २७, बंगलादेशले २३ र अफगानिस्तानले १७ अङ्क प्राप्त गरेका छन्। छिमेकी मुलुक चीनले ४३ अङ्क प्राप्त गरेको छ। उच्च अङ्क न्यून भ्रष्टाचार हुने मुलुक हुन् भने न्यून अङ्क बढी भ्रष्टाचार हुने मुलुकमा पर्ने देखिन्छ। यसमा भुटानले राम्रो सुधार गरेको छ भने भारत र माल्दिभ्सभन्दा नेपाल पछाडि देखिन्छ। १८० देश सम्मिलित यस सूचकाङ्कमा डेनमार्क विगत सात वर्षदेखि लगातार ९० अङ्क प्राप्त गरी विश्वको सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा रहेको छ भने दक्षिण सुडान आठ अङ्क प्राप्त गरी बढी भ्रष्टाचार हुने मुलुकमा देखिन्छ। नेपालको स्थान १०७ औँ देखिएको छ। यो सन्तोष मान्नुपर्ने अवस्था छैन। भ्रष्टाचार न्यूनीकरण नगरी देशले आर्थिक विकासका गति प्राप्त गर्न सक्दैन। त्यसैले पनि भ्रष्टाचार न्यूनीकरण गर्न अख्यिार जस्तो संवैधानिक निकायको भूमिका र योगदान अझ बढी अपेक्षित छ। आयोगको ३४ औँ वार्षिकोत्सवमा राष्ट्रपति रामचन्द्र पौडेलले गर्नुभएको सम्बोधन भ्रष्टाचार न्यूनीकरण गरी सुशासन प्रवर्धनमा महत्वपूर्ण देखिन्छ। उहाँले आयोगले संवैधानिक जिम्मेवारी पूरा गर्ने क्रममा कसैको दबाब वा प्रभावमा पर्न नहुने बताउनुभएको छ। हुन पनि कुनै कसुर र कसुरदाता सानो वा ठुलो हुँदैन। कानुनविपरीत काम गर्ने दोषी नै हुन्छन्। अभियुक्त नै हुन्छन्। गलत कार्यविरुद्ध गहन अनुसन्धान गरी न्यायको कठघरामा उभ्याउन आयोगले देखाउँदै आएको क्रियाशीलतामा अझ बढी योगदान वाञ्छनीय छ। सुशासन, सामाजिक न्याय र समृद्धि नेपाली समाजको अहिलेको मूल चाहना हो। मुलुक सङ्घीयतामा गइसकेपछि सुशासन प्रवर्धनको चाहना सार्थक हुने विश्वास भए पनि अझै यो जटिल अवस्थामै छ। स्थानीय सरकार र प्रदेश सरकारबाट प्रदान गरिने सेवा झनै जटिल बन्दै गएको अख्तियारकै उजुरीका क्रममा देखिएको छ। सेवा प्रवाह पनि खर्चिलो हुँदै गएको छ। सार्वजनिक खरिद प्रक्रियामा भ्रष्टाचारजन्य प्रकृतिका कार्यका अनेक आयाम विस्तारित हुँदै गएका छन्। हुन सकिरहेका छैनन्।

# कम्युनिस्ट एकता र सम्भावना

झलक सुवेदी



प्रचण्डलाई पनि लागेको छ, केपी ओली तयार हुने हो भने एकता गरौँ। शङ्करलाई पनि लागेको छ शक्ति आर्जन गर्ने हो भने कम्युनिस्ट पार्टीहरूलाई मिसाएर एउटै पार्टी बनाऊँ। केही दिनअगाडि प्राध्यापक कृष्ण पोखरेलले कम्युनिस्ट पार्टीहरूलाई मिलाउनका लागि विद्या भण्डारी राजनीतिमा आउने हो भने त्यो राम्रै हुने आशयसहितको मन्तव्य राख्नुभएको थियो। अर्थात् नेकपा एमाले र माओवादी केन्द्रको नेतृत्व पनि र वामपन्थी झुकाव राख्ने या कम्युनिस्ट पार्टीहरूसँग नजिक रहेको नागरिक समाज पनि यी पार्टीहरूका बिचको एकताको पक्षमा छन्।



झलक सुवेदी

माघ २७ मा एमाले महासचिव शङ्कर पोखरेलले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्नुभयो : 'माओवादी नेता वर्षमान पुनसँग पोखरेलको संवादलाई पुनले अनर्थ हुने गरी सार्वजनिक गर्नुभयो। यसले अनौपचारिक संवाद गर्न पनि जोखिम हुने देखायो। वर्षमान पुनसँग मात्र हैन परी आए प्रचण्डसँग पनि वार्ता हुने गरेको छ।' पोखरेल यतिमा रोकिएनन्। पुनसँगको संवाद वामपन्थी दलहरूका बिच एकताका लागि गर्नुपर्ने संवादको एउटा रूप पनि त हुन सक्छ ? पहिले टाउका ठोकेर एकता गरेको टिकेन। अब कमसेकम पार्टीका समर्थक, कार्यकर्ताको पङ्क्तिमा लामो संवाद गर्दै र मित्रता गर्दै जान सके यस्तो एकता सम्भव पनि हुन सक्छ भन्ने बुझ्दा किन नहुने ? उहाँले राष्ट्रिय शक्तिको खाँचोबारे आफूले लामो समयदेखि गर्दै आएको अपिलकै सेरोफेरोमा वामपन्थीका बिच सहकार्य र एकताको सम्भावना रहेको प्रस्ट सङ्केत गर्नुभएको छ। यो स्टाटस आउनु अगाडि एउटा समाचार बिजुलीपत्रमा देखा परेको थियो। माओवादी केन्द्रका नेता वर्षमान पुनले दुई तिहाइको दम्भ देखाउने एमाले नेता शङ्कर पोखरेल अब विधेयक पारित गराउन गुहार माग्दै छन् भनेको भनेर ती समाचारमा व्यक्त गरिएको थियो। त्यसको भोलिपल्टै, २८ माघमा जनकपुर पुगेका माओवादी अध्यक्ष प्रचण्डले केपी ओली नेतृत्वमा रहुन्जेल एमालेसँग एकता हुँदैन भन्ने अभिव्यक्ति दिनुभयो। यसको अन्तर्यमा पनि एमाले माओवादीसमेतको वामपन्थी दल (कम्युनिस्ट पार्टीका सन्दर्भमा) एकता आवश्यक त छ तर एमालेका अध्यक्ष ओलीको मनसाय या व्यवहार त्यसका लागि बाधक छ भन्ने नै हो। अर्थात् प्रचण्डलाई पनि लागेको छ, केपी ओली तयार हुने हो भने एकता गरौँ। शङ्करलाई पनि लागेको छ शक्ति आर्जन गर्ने हो भने कम्युनिस्ट पार्टीहरूलाई मिसाएर एउटै पार्टी बनाऊँ। केही दिनअगाडि प्राध्यापक कृष्ण पोखरेलले कम्युनिस्ट पार्टीहरूलाई मिलाउनका लागि विद्या भण्डारी राजनीतिमा आउने हो भने त्यो राम्रै हुने आशयसहितको मन्तव्य राख्नुभएको थियो। अर्थात् नेकपा एमाले र माओवादी केन्द्रको नेतृत्व पनि र वामपन्थी झुकाव राख्ने या कम्युनिस्ट पार्टीहरूसँग नजिक रहेको नागरिक समाज पनि यी पार्टीहरूका बिचको एकताको पक्षमा छन्। यसरी हेर्दा यी दुई ठुला कम्युनिस्ट पार्टीका बिच एकता र सहकार्यका लागि दलको नेतृत्वले दबाब महसुस गरेको बुझ्न सकिन्छ। आजको आलेखमा नेपालमा कम्युनिस्ट पार्टीका बिचको एकताको राजनीतिक महत्व, औचित्य र सम्भावनाका विषयमा छलफल गरिने छ।

### कांग्रेसको काँध र काख

नेपालको राजनीतिमा उदारवादी विचार धारालाई समर्थन गर्ने र बेलायती मोडलको संसदीय लोकतन्त्रलाई मार्गदर्शक मान्ने दलका रूपमा नेपाली कांग्रेसको लगभग एकलौटी स्विकारोक्ति छ। यसको सारमा व्यक्तिगत स्वतन्त्रता र स्वच्छन्द बजार अर्थतन्त्रप्रतिको विश्वास रहेको छ। यद्यपि बिपी कोइरालाले मार्क्सवादको प्रभाव स्वीकार गर्दै समाजवादलाई आफ्नो आर्थिक विकासको बाटोका रूपमा मानेका थिए। त्यसलाई अहिलेको कांग्रेसले सम्पूर्ण रूपमा परित्याग गरिसकेको छ। यता लेनिन र माओका प्रयोगलाई अनुकरण गरिएको मार्क्सवादी विचारधारा नेपालको राजनीतिमा नेपाली कांग्रेसका विचार र राजनीतिको विकल्पमा समानान्तर रूपमा २००७ साल अगाडिदेखि नै आकर्षणको विषय बनेको छ। खास गरी पञ्चायतविरोधी सङ्घर्षको समयमा कम्युनिस्टहरूले गरेको निरन्तरको सङ्गठन निर्माण र विस्तारको प्रभावसहित २०४८ मा आएर कम्युनिस्टहरू प्रभावकारी रूपमा राष्ट्रिय राजनीतिमा उपस्थित भएका थिए। २०४७ को अन्तरिम सरकारमा कांग्रेसको नेतृत्वमा सरकारमा गएका कम्युनिस्टहरू २०५१ मा एकल सरकार बनाउन सफल भए। त्यसयता भने कम्युनिस्ट नेतृत्वमा अनेक पटक सरकार बनेका छन्। सँगै कांग्रेसको नेतृत्वको सरकारमा कम्युनिस्टहरू सामेल मात्र भएका छैनन् कम्युनिस्टको नेतृत्वमा कांग्रेस पनि सामेल भएर रागेपाटे सरकार बनिरहेका छन्। यसले नेपाली राजनीतिका वैचारिकीलाई धुमिल र घुमैलो बनाइदिएको छ। यी दुईले प्रतिनिधित्व गर्ने उदारवादी र साम्यावादी विचारका बिच एक प्रकारको सहवास भएर वर्णशङ्कर विचार विकास भएको र अहिलेको राजनीति त्यसैले चलाइरहेको जस्तो देखिन्छ। २०६३ यता त नेपालका कम्युनिस्ट पार्टीका घटकहरू समावेश नभएको एउटा पनि सरकार बनेको छैन। सर्सर्ती हेर्दा यो नेपालका कम्युनिस्टहरू बलशाली रहेको प्रमाण जस्तो देखिन्छ। यथार्थमा यसले कांग्रेसलाई त खासै फरक पारेको छैन कम्युनिस्टहरूलाई चाहिँ आफ्ना आधारभूत विचारबाट विचलित गराएर वर्तमान पुँजीवादी ढाँचाको अर्थराजनीतिलाई निरन्तरता दिने र संसदीय मोडलको राजनीतिक प्रणालीलाई बलियो बनाउनेमा सीमित हुने खतरा बढाइदिएको छ। कहिले कांग्रेसको काँधमा कहिले कांग्रेसको काखमा बसेर सत्ताको सुखभोगमा लागेका कम्युनिस्टहरूले आसन्न सङ्कटलाई अनदेखा गरिरहेका छन्। बिचमा एमाले माओवादी एकता भएर बनेको नेकपा तीन वर्षमै भत्क्यो। यी दल अहिले पनि एउटाले अर्कालाई कांग्रेससँग मिल्न नदिएर फाइदा लिने दाउमा छन्। यसका लागि कांग्रेसको राजनीतिसँग सम्झौता गर्दै जाँदा यिनले आफ्नो वास्तविक अनुहारमा अनेक रङ्ग पोतेर विरूप बन्दै गएको पत्तो पाएका छैनन्। कांग्रेस लिवरल विचारको मध्य दक्षिणपन्थी बाटोमा अग्रसर छ र कम्युनिस्टहरूले कमसेकम मध्यवामपन्थको देब्रे ढल्कुवा बाटो लिए मात्र यिनीहरूको अलग पहिचान र अस्तित्व बन्छ भन्ने कुरा नेताहरूले नै बुझ्न चाहेका छैनन्। यिनीहरूले जे-जति अहिले शक्ति जोगाएका छन् त्यो अहिलेको समयका मुद्दालाई सम्बोधन गरेर भन्दा इतिहासको ब्याज पाएर बढी टिकेको हो भन्ने पनि यिनले चेतेको जस्तो छैन। वामपन्थी (कम्युनिस्ट) एकताको कुरा गर्ने हो भने त्यो प्रस्टसँग वैचारिक धारमा आधारित हुनु पर्छ र त्यसले देब्रे ढल्कुवा संसदीय राजनीतिको कोर्स लियो भने मात्र दीर्घकालीन रूपमा नेपाली समाजलाई प्रतिनिधित्व गर्न र समाज रूपान्तरणको बाटोमा नेतृत्व गर्न सक्छ।

### सम्भावना

कम्युनिस्ट एकताका सन्दर्भमा माओवादी अध्यक्ष प्रचण्ड र एमाले महासचिव पोखरेलका अभिव्यक्तिले नेपाली समाजमा भित्रभित्रै विकास भइरहेका केही प्रवृत्तितर्फ सङ्केत गर्छन्। पहिलो हो, एकअर्कालाई निषेध गर्दै अघि बढ्न चाहेका भए पनि यी दुई दलको विकासका केही समान ऐतिहासिक र विचारधारात्मक प्रवृत्ति छन्। दुवै दलको आधार उनीहरूले लिएको माओ विचार धारा अनुकूलको समाज रूपान्तरणको क्रान्तिकारी विचारबाट प्रशिक्षित जनसमुदायका आकाङ्क्षासँग जोडिएको थियो। झापाली किसान विद्रोहको जगमा जनवादी गणतन्त्र स्थापनाको बाटोमा हिँडेर नै तत्कालीन मालेको सङ्गठनको आधार बनेको हो। यसै गरी झापाली या मालेले २०४५ वरपरबाट संसदीय उदारवादको बाटो लिन थालेपछि खाली भएको जनमतको उपरोक्त क्रान्तिकारी विचारको ठाउँ भरेरै २०५१ मा माओवादीले जनयुद्ध थालेका थिए र त्यसकै आधारमा उनीहरूको जनआधार बनेको थियो। २०६३ सालपछि माओवादीले पनि आधारभूत रूपमा एमालेकै बाटो पच्छ्याएको छ। यसले गर्दा यी दुवै दलको बिच आधारभूत वैचारिक भिन्नता देखा पर्दैन। २०४७ यता बहुदलीय जनवादको रूपमा आफ्नो राजनीतिक बाटोलाई संसदीय उदारवाद सापेक्ष विकास गरेको एमालेले कांग्रेसको विकल्पमा नेपालको मध्यम तथा निम्न पुँजीवादी सहरिया वर्ग, सहरिया गरिब र गाउँको व्यापक किसान समुदायलाई वरपर गोलबन्द गरेको थियो। बिस्तारै गाउँको आधारभूत श्रमिकको ध्यान माओवादीतिर गयो र एमालेको शक्ति गाउँमा सानो पुँजीपति र मध्यम किसान हुँदै गाउँको परम्परागत शक्ति सम्भ्रान्तमा सर्दै गयो। यता सहरिया मध्यम वर्ग हुँदै उच्च वर्गको एउटा हिस्सा र २०४८ पछिको नवउदार वादी अर्थनीतिबाट फाइदा लिएको अर्को तप्का पनि एमालेको नजिक पुग्यो। स्वयम् एमाले पङ्क्तिको वर्गोत्थान हुँदै जाँदा एमालेको नयाँ वर्ग आधार तयार भयो। वास्तविक प्रतिनिधित्वको अभावमा अहिले पनि श्रमिक वर्ग चलायमान अवस्थामा आफ्नो मत व्यक्त गर्छ र आशावादी नजरले चाहिँ कम्युनिस्टहरूतर्फ हेर्छ तर पूरा विश्वास गर्न पनि सक्दैन। सहरियादेखि गाउँको मध्यमवर्ग एमाले र कांग्रेसमा विभाजित छ। त्यसकै सानो हिस्सा माओवादीसँग छ। सीमित संख्यामा रहेको परम्परागत सत्ता सम्भ्रान्तहरू ज्ञानेन्द्र शाहदेखि केपी ओलीसम्म र शेरबहादुरदेखि गगन थापासम्म आफ्नो प्रतिनिधित्वको खोजीमा भौँतारिएको छ। क्रोनी पुँजीपति र राष्ट्रिय पुँजीपति वर्गको उच्च तह कांग्रेस र एमालेबाट (प्रधानमन्त्री भएको बेला प्रचण्डबाट) जे जति सकिन्छ फाइदा उठाउने काममा लिप्त छ। यसले राजनीतिक शक्तिलाई भ्रष्टीकरण गर्न र भृत्यतन्त्रसँग मिलेर स्रोतको दोहन गर्ने समग्र राज्यसंरचनालाई परिचालित गर्ने बिचौलिया वर्गलाई जन्म दिएको छ। यी यस्ता अवस्था हुन्, जसले आर्थिक विकास र सुशासनलाई अवरुद्ध गरेका छन्। समग्र अर्थतन्त्रलाई चलायमान गराउने आधारभूत नीतिगत र कानुनी व्यवस्था विकास गर्न रोकेका छन्। यसैको प्रभाव हो कांग्रेस र कम्युनिस्टमा परम्परादेखि विभाजित हुँदै आएको जनमत निराश र आक्रोशित हुँदै स्वतन्त्र व्यक्ति र नयाँ उत्तेजक शक्तिहरूसँग लोभिएको छ। यसले पनि थप राजनीतिक विकृति निम्त्याएको छ। यसलाई तोड्न कांग्रेस र कम्युनिस्टका बिच बन्दै भत्कँदै गरेका गठबन्धनबाट असम्भव छ। कमसेकम विगत १८ वर्षका सरकारका गतिविधिले यही भन्छन्। अहिलेको आर्थिक शिथिलतको एउटा कारण पनि यही बाँडीचुँडी सरकार चलाउने, एकअर्काका काखमा बसेका भ्रष्ट तत्वलाई संरक्षण गर्ने गठबन्धन चरित्रमा निहित छ। आर्थिक विकासका लागि देखा परेका संरचनागत अवरोधमाथि हस्तक्षेप गर्ने मनोबल पनि यो अस्थिरता र गठबन्धनमा छ। यदि यस्तो मान्ने हो भने प्राध्यापक कृष्ण पोखरेलले भनेको जस्तो समग्र नेपाली राजनीति मध्य वामपन्थी र मध्य दक्षिणपन्थी ध्रुवीकरण हुनु उपयुक्त हुन्छ। यस्तो ध्रुवीकरणमा एमाले र माओवादी केन्द्रको एकताले सहजीकरण गर्न सक्छ।

*–गोरखापत्र*

# थारूको हत्यारा २० वर्ष पछि पक्राउ

नमस्ते समचारदाता
बर्दिया, फागुन/०३



बर्दियामा २० वर्ष अघि हत्या गरी फरार रहेका दुई जना आरोपीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान प्रक्रिया सुरु गरेको छ । २०६० ज्येष्ठ १५ गते बर्दियाको साबिक मानपुर टपरा -७ हालको राजापुर नगरपालिका वडा न ८ बस्ने २८ वर्षीय बन्धु थारूको हत्या गरी फरार रहेको आरोपमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा कावासोती नगरपालिका वडा न १५ नवलपरासी बस्ने ७८ वर्षीय कुम्भनारायण महतो र ४५ वर्षीय राम नारायण महतो रहेका छन् । उनीहरूले २०६० जेठ १५ गते राती करिब १० बजे मृतक बन्धु थारूलाई आफ्नै औषधी पसलमा बसिरहेको अवस्थामा करिब ५०० मिटर टाढा लगी घाँटी रेटेर मारेको आरोप छ । २०६० जेठ १८ गते मृतक बन्धुका छोरा छिमानन्द थारूको तिन जनाको नाममा दिएको किटानी जाहेरीको आधारमा आरोपीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक ऋषिराम घर्ती मगरले बताउनु भयो । थप एक जना पक्राउ गर्न बाँकी रहेको उहाँले बताउनु भएको छ । तत्कालीन समयमा दिएको किटानी जाहेरी उपर कारबाही गर्ने क्रममा हत्या आरोपीको खोजबिन गरिएको प्रहरी नायव उपरीक्षक घर्ती मगरले बताउनु भयो । हाल उनीहरूलाई बर्दिया जिल्ला अदालतबाट पाँच दिन म्याद थप गरी आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । उनीहरू बसोवास गरिरहेको स्थानको पत्ता लागेपछि गत माघ २६ पक्राउ गरी बर्दिया जिल्लामा ल्याइएको थियो । किटानी जाहेरी परेको लामो समयपछि बर्दिया जिल्लामा कार्यान्वयनमा आएको छ । किटानी जाहेरीका पुराना मुद्दा फर्स्यौट नभएका फाइलहरू अध्ययन गर्ने क्रममा आरोपीहरू फेला परेपछि मुद्दा चलाइएको प्रहरी उपरीक्षक केदार खनालले बताउनु भयो । 'बर्दियामा विविध कारणले फर्स्यौट नभएका र विगतको द्वन्द्वसँग सम्बन्धित नभएका तर द्वन्द्वको समयमा भएका घटनका केही मुद्दाहरू फर्स्यौट हुन बाँकी देखिएका छन् ।' उहाँले भन्नु भयो -'ती मुद्दाहरू फर्स्यौट गर्ने क्रममा छौँ, सबै मुद्दाहरू अपडेट गर्ने क्रममा छौँ ।'

# बाँकेमा ३० हजारभन्दा बढी बालिकाले लगाए एचपिभी खोप लगाए

नमस्ते समचारदाता
बाँके, फागुन/०३



बाँके जिल्लामा ३० हजारभन्दा बढी बालिकालाई एचपिभी खोप लगाइएको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ । स्वास्थ्य कार्यालय बाँकेका खोप फोकल पर्सन नरेश श्रेष्ठका अनुसार जिल्लाका आठ वटा पालिकामा सुरु गरिएको खोप कार्यक्रम अनुसार १२ दिनमा ३० हजार तीन सय जना बालिकालाई एचपिभी खोप लगाइएको हो । उहाँले जिल्लाका आठवटा पालिकामा लक्षित उमेर समूहका ३६ हजार ९५० बालिकाहरु रहेकोमा ती मध्ये हालसम्म ३० हजार तीन सय जना अर्थात ८० प्रतिशतलाई खोप लगाई सकिएको बताउनुभयो । स्वास्थ्य कार्यालय बाँकेका प्रमुख अंगदबहादुर शाहीले हालसम्म नेपालगन्ज उपमहानगरपालिकामा नौ हजार नौ जना, कोहलपुरमा छ हजार १२२, खजुरामा पाँच हजार १३७, जानकीमा दुई हजार १७०, राप्ती सोनारीमा दुई हजार ७६२, बैजनाथमा दुई हजार ४९१, डुडुवामा एक हजार ५५१ र नरैनापुरमा एक हजार ११६ जना बालिकालाई एचपिभी खोप लगाइएको बताउनुभयो । उहाँले जिल्लाका ३६ हजार ९५० बालिकालाई एचपिभी खोप लगाउने लक्ष्यका साथ माघ २२ गतेबाट खोप अभियान सुरु गरिएको जनाउँदै सो क्रममा जिल्लाका आठ पालिकालाई दुई चरणमा विभाजन गरेर खोप लगाउने कार्य गरिएको बताउनुभयो । फागुन ६ गतेसम्म सञ्चालन गरिने सो अभियानअन्तर्गत जिल्लामा कक्षा ६ देखि १० सम्मका बालिका र विद्यालय बाहिरका १० देखि १४ वर्ष उमेरका बालिकालाई उक्त खोप लगाउने कार्य जारी रहेको छ । स्वास्थ्य कार्यालय बाँकेका अनुसार पहिलो चरणअन्तर्गत माघ २२ देखि फागुन १ गतेसम्म नेपालगन्ज, कोहलपुर, खजुरा र जानकीमा खोप अभियान सञ्चालन गरिएको थियो भने दोस्रो चरणमा माघ ३० देखि फागुन ६ गतेसम्म राप्ती सोनारी, बैजनाथ, डुडुवा र नरैनापुर गाउँपालिकामा खोप दिने कार्यक्रम सञ्चालन भइरहेको छ । पहिलो चरणको खोप कार्यक्रम अनुसार कोहलपुरमा लक्ष्यको ८३ प्रतिशत र नेपालगन्जमा ८५ प्रतिशतले मात्र खोप लगाएको तथ्याङ्क रहेकोमा सो बारेमा समिक्षा गरेर छुटेकाहरुलाई फेरी पनि लगाउने योजना बनाइने स्वास्थ्य कार्यालयले जनाएको छ ।

# ब्राइटल्यान्ड मेयर कप फुटबलको फाइनलमा

नमस्ते समचारदाता
नेपालगन्ज, फागुन/०३




ब्राइटल्यान्ड स्कुल मेयर कप अन्तर विद्यालय छात्र फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । नेपालगन्ज रङ्गशालामा शनिबार भएको सेमिफाइनलमा ब्राइटल्यान्डले मनकामना मावि नेपालगन्जलाई पेनाल्टी सुटआउटमा ४-२ गोलले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । निर्धारित समय गोलरहित बराबरीमा खेल सकिएको थियो । पेनाल्टी सुटआउटमा ब्राइटल्यान्डको लागि अनमोल गुरुङ, निशान्त बुढामगर, जोन थारु, श्रीरिस रावतले गोल गर्नुभयो । मनकामनाको तर्फबाट विशाल बम र रोशन महताराले गोल गर्नुभएको थियो । अब ब्राइटल्यान्डले प्रतियोगिताको फाइनल खेलमा आइतबार ग्रीनपीस मावि कोहलपुरसँग प्रतिस्पर्धा गर्नेछ । छात्रतर्फको फाइनलमा नेपालगन्ज सेन्ट जेभियर्स र आदर्श मावि नेपालगन्जले फाइनलमा प्रतिस्पर्धा गर्नेछन् । बाँके जिल्ला फुटबल सङ्घको आयोजनामा सुरु भएको प्रतियोगिताको छात्रतर्फ २१ टिम र छात्रातर्फ ६ टिमको सहभागिता रहेको छ । प्रतियोगितामा छात्रतर्फ २१ टिम र छात्रतर्फ ६ टिमको सहभागिता रहेको थियो ।

# मौरीले डस्दा पाँच घाइते

नमस्ते समचारदाता
दाङ, फागुन/०३



तुलसीपुर उपमहानगरपालिका -४ खाद्रेमा जङ्गली मौरीले डस्दा पाँच जना घाइते भएका छन् । मौरीले डस्दा बिरामी हुनेमा तुलसीपुर-४ खाद्रे निवासी २३ वर्षीय भिमा बुढा, ११ वर्षीय विवश बुढा, सोही ठाउँकै २८ वर्षीया सिता गिरी, उहाँकी ९ वर्षीया छोरी आयुसा गिरी र ५ वर्षीय छोरा आयुस गिरी रहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका सूचना अधिकारी तथा प्रहरी निरीक्षक सूर्य रानाले जानकारी दिनुभयो । प्रहरीका अनुसार शनिबार दिउँसो १२ बजेको समयमा खेतमा पानी सिँचाइ गर्ने क्रममा ठुलो संख्यामा जङ्गली भेरीले टोकेको हो । जङ्गली मौरीको टोकाइबाट बिरामी परेका ५ जनामध्ये भिमा बुढा र विवश बुढालाई राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा सामान्य उपचारपछि थप उपचारका लागि नेपालगन्ज रिफर गरिएको छ । अन्यको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमै उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## लुम्बिनी...

योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ११ वटा समष्टिगत रणनीति र २२ वटा विषयक्षेत्रगत सूचकमा विभाजन गरी ५०५ वटा नतिजा सूचकहरू तयार गरिएको योजना अयोगका सदस्य डा.सुदन ओलीले जानकारी दिनुभयो । दोस्रो आवधिक योजनाको कार्यान्वयनका लागि अनुमानित १४ खर्ब ९९ अर्ब लगानी आवश्यक पर्ने प्रक्षेपण गरिएको छ । योजनाको अन्त्यसम्ममा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन ११ खर्ब ४९ अर्ब पुग्ने अनुमान गरिएको छ । जसमा निजी क्षेत्रको योगदान करिब ६० प्रतिशत रहनेछ । प्रस्तावित योजनाले लुम्बिनी प्रदेशको आर्थिक समृद्धि, सामाजिक न्याय, पूर्वाधार विकास, रोजगारी प्रवर्द्धन र सुशासनको प्रत्याभूति गर्दै दीर्घकालीन समृद्धि हासिल गर्ने विश्वास गरिएको छ । बैठकमा पूर्व मुख्यमन्त्री तथा नेपाली कांग्रेस संसदीय दल नेता डिल्ली बहादुर चौधरी, पूर्व मुख्यमन्त्री तथा नेकपा माओवादी केन्द्र संसदीय दल नेता जोखबहादुर महरा, एमालेका प्रमुख सचेतक तुलसी प्रसाद चौधरी, नागरिक उन्मुक्ती पार्टीका संसदीय दल नेता धर्मबहादुर चौधरी लगायतका वक्ताहरुले सम्वोधन गर्नु भएको थियो । बैठकमा प्रदेश प्रदेश सरकारका मन्त्री, प्रदेश सभा सदस्य, नीजि क्षेत्रका प्रमुख तथा प्रतिनिधि, सामाजिक संघ संस्थाका प्रमुख लयात प्रदेश विकास परिषद्का विज्ञ सदस्यहरुको सहभागिता थियो ।

## नारामा...

डुङ्गेश्वर गाउँपालिकामा आव २०७९/८० र २०८०/८१ मा गरी छ हजार १३ जना बेरोजगार भएको भनी सूचीकृत भएका थिए । तीमध्ये दुई वर्षमा ५२० जनाले मात्र रोजगारी पाए । गाउँपालिकाका अध्यक्ष सुन्दरकुमार केसीले सङ्घीय सरकारको मापदण्ड अनुसार सूचीकृत भएकामध्ये विनियोजित बजेटका आधारमा एक जनालाई एक सय दिनको रोजगारी दिने भने पनि यहाँको व्यावहारिकता हेरी रोजगारीमा समावेश गर्ने गरेको बताउनुभयो । नौमुले गाउँपालिकामा दुई आवमा आठ हजार ५६४, महाबुमा चार हजार चार, भैरवीमा चार हजार ४३६, ठाँटीकाँधमा पाँच हजार सात सय, चामुण्डा बिन्द्रासैनी नगरपालिकामा पाँच हजार ७७०, आठबिसमा दुई हजार १९१ र नारायणमा पाँच हजार १८१ जना बेरोजगार सूचीमा सूचीकृत भएका छन् । जनसंख्या र क्षेत्रफलका हिसाबले सबैभन्दा ठुलो नगरपालिका रहेको दुल्लु नगरपालिकामा १६९ जना मात्र आव २०७९/८० मा सूचीकृत भएका पाइएको छ । आव २०८०/८१ मा भने तीन हजार ३२२ जना सूचीकृत भएका छन् । त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक तथा स्थानीय शासनविज्ञ दिपेश घिमिरेले स्थानीय सरकारले रोजगारीकेन्द्रित योजना निर्माण गर्न नसकेको बताउनुभयो । उहाँले घरआँगनका सरकारले समेत युवा तथा लक्षित समुदायलाई रोजगारी दिन नसकेकै कारण गाउँमा बसाइँसराइसँगै युवा विदेश पलायन हुने समस्या रहेको जनाउनुभयो ।

## लायन्स...

विशेषगरी, स्थानीय पर्यटन प्रवर्द्धनको महत्त्व उजागर गर्दै घैटोफोर खेल लगायतका गतिविधिहरू सञ्चालन गरिएका थिए । नेपाल पत्रकार महासङ्घ बाँकेले सिद्धिबिनायक लायन्स पार्क जस्ता स्थानहरूको प्रचारप्रसारमा विशेष चासो राख्नुपर्ने कुरा कार्यक्रममा जोड दिइयो । स्थानीय तह, पत्रकारिता र पर्यटन प्रवर्द्धनको सहकार्यले सिद्धिबिनायक लायन्स पार्कलाई एक आकर्षक पर्यटकीय स्थलका रूपमा चिनाउन सकिनेमा सहभागीहरू एकमत देखिन्थे ।



जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# कर्णाली प्रदेशको अर्धवार्षिक समीक्षा : कामको गति बढाउन निर्देशन

नमस्ते समाचारदाता
सुर्खेत, फागुन/०३



कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुससम्म छमहिने कामको अर्धवार्षिक समीक्षा गरेको छ। मुख्यमन्त्री यामलाल कँडेलको उपस्थितिमा विभिन्न मन्त्री, मन्त्रालयका सचिवको उपस्थितिमा छ महिनाको कामको समीक्षा गरिएको हो। समीक्षामा चालु आवको छ महिनामा कर्णालीको कुल बजेटको १५ प्रतिशत मात्र खर्च भएको जानकारी गराइएको छ। कर्णालीको कुल बजेट ३१ अर्ब ४१ करोड रहेकोमा पुस मसान्तसम्म चार अर्ब ७५ करोड ४६ लाख ६२ हजार खर्च भएको छ। यो अवधिमा सबैभन्दा धेरै खर्च मुख्य न्यायाधिवक्ताको कार्यालयले ४० प्रतिशत खर्च गरेको छ। सो अवधिमा प्रदेश सरकारले १९ करोड ९९ लाख आन्तरिक आम्दानी गरेको छ। साथै प्रदेश सरकारको सञ्चित खातामा ११ अर्ब ४८ करोड ७२ लाख ३१ हजार रुपैयाँ रहेको जानकारी गराइएको छ।

समीक्षामा मुख्यमन्त्री यामलाल कँडेलले भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको कार्यप्रगति उत्साहजनक रहेकाले यही गति कायम राख्दै आयोजना सम्पन्न भएका निर्माण व्यवसायीलाई कामको मूल्याङ्कनका आधारमा भुक्तानी दिन निर्देशन दिनुभयो। उहाँले पर्यटन र उद्योगको जनशक्ति र कार्यक्रमको आयोजना विस्तार गरी आम्दानी बढाउने र अबका दिनमा 'एग्रो फरेस्ट्री' को सोचमा जानुपर्ने उल्लेख गर्नुभयो। साथै प्रदेश सरकारले बनाएका पर्यटकीय क्षेत्रका संरचना स्थानीय तहलाई हस्तान्तरण गरी त्यहाँ उठाउने महसुलको केही प्रतिशत प्रदेशमा ल्याउने कार्यविधि बनाउन पनि उहाँले सुझाव दिनुभयो। यसै गरी १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै गर्नुपर्नेमा प्रदेश सरकारको एकमत रहेकाले खेलकुदमा कर्णाली प्रदेशका विषयगत खेलाडीको सिप विकास, तालिम र अन्य व्यवस्थापनका लागि विषयगत कार्यक्रम र आवश्यक बजेट समयमै माग गर्न पनि उहाँले आग्रह गर्नुभयो। मुख्यमन्त्री कँडेलले प्रदेश सभालाई बिजनेस दिन र आवश्यक कानुन निर्माणका लागि पनि विधायिकाको काम प्रभावकारी बनाउन जोड दिनुभयो। चालु आवको समयसीमा अब चार/पाँच महिना मात्र बाँकी रहेकाले कामको गति बढाउन उहाँले निर्देशन दिनुभयो। हालसम्म बजेट कार्यान्वयनमा देखिएका कमजोरी र सिकाइ व्यवस्थापन सुधार गर्न तत्काल कार्ययोजना बनाउनुपर्ने भनाइ उहाँको थियो।

# अक्सिजन प्लान्ट हुँदाहुँदै सिलिन्डर भर्न धनगढी

नमस्ते समाचारदाता
बैतडी, फागुन/०३



जिल्ला अस्पताल बैतडीमै अक्सिजन सिलिन्डर भर्ने प्लान्ट भए पनि यहाँका स्थानीय तहका स्वास्थ्य संस्था सिलिन्डर भर्न धनगढी पुग्ने गरेका छन्। यस्तो हुनुको एउटै कारण हो समन्वयको अभाव। एउटै जिल्लामा तीनथरिका स्वास्थ्य संस्था र अलग अलग बजेट भएपछि समन्वय नहुँदा यस्तो अवस्था सिर्जना भएको हो। सङ्घीय सरकारको डेढ करोड र प्रदेश सरकारको ८० लाख रुपैयाँ बजेट खर्च गरेर २०७८ मा बैतडी अस्पतालको हाताभित्र जडान गरिएको अक्सिजन प्लान्ट अहिले अस्पतालका लागि मात्रै उपयोगमा आएको छ। सो प्लान्टले दैनिक ८० वटा खाली सिलिन्डर भर्न सक्छ। जिल्ला अस्पतालपछि बढी अक्सिजन प्रयोग हुने प्राथमिक स्वास्थ्य केन्द्र पाटन, केसरपुर प्राथमिक स्वास्थ्य केन्द्र, मेलौली, हाट, शिवनाथलगायतका स्वास्थ्य संस्थाले २५० किलोमिटर टाढा धनगढी गएर अक्सिजन सिलिन्डर भर्ने गरेको पाइएको छ। पाटन नगरपालिकामा मात्रै दैनिक अक्सिजन प्रयोग गर्नेको संख्या २० जना रहेको स्वास्थ्य संयोजक मदन महराले बताउनुभयो। तथ्याङ्क अनुसार पाटन नगरपालिकाभरि ५० जनाभन्दा बढी दमका बिरामी छन्। यीमध्ये दैनिक १५ जनाले अक्सिजन सिलिन्डर र पाँच जनाले अक्सिजन कन्सेटटर प्रयोग गर्दै आएका छन्। नियमित दमका बिरामीलाई स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा अक्सिजन उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो। कतिपय अवस्थामा आर्थिक हैसियत राम्रो भएका बिरामीबाट अक्सिजन भर्न न्यून शुल्कसमेत लिने गरिएको उहाँले बताउनुभयो। त्यसै गरी केसरपुर प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित रूपमा १० वटा अक्सिजन सिलिन्डर प्रयोग हुने गरेका छन्। हाट स्वास्थ्य चौकीले १४ वटा अक्सिजन सिलिन्डर प्रयोग गर्दै आएको छ। स्वास्थ्य संस्थाले प्रयोग गर्दै आएका अक्सिजन सिलिन्डर खाली भएर धनगढी जाने गरेको पुर्चौंडी नगरपालिकाका स्वास्थ्य संयोजक विनोदबहादुर कुँवरले बताउनुभयो। उहाँले भन्नुभयो, "बैतडी अस्पतालमा पनि खाली सिलिन्डर भरिन्छ र ? खै ! हामीलाई त थाहा छैन। व्यावसायिक रूपमा भरिन्छ भने त किन धनगढी जान्छौं ? बैतडी अस्पतालबाटै ल्याउँछौं नि !" उहाँले स्थानीय तह र जिल्ला अस्पतालबिच समन्वय अभावमा धनगढी जानुपर्ने बाध्यता रहेको बताउनुभयो। धनगढी पुगेर अक्सिजन भर्नु पर्दा ढुवानीसमेत गरेर सानो सिलिन्डरको एक हजार र ठुलोको एक हजार पाँच सय रुपैयाँ पर्ने गरेको छ। जबकि सानो जिल्ला अस्पताल बैतडीमै सानो सिलिन्डरको पाँच र ठुलोको एक हजार रुपैयाँ मात्रै शुल्क तोकिएको सूचना अधिकारी हरिश पन्तले बताउनुभयो। एउटै जिल्लामा तीनथरिको स्वास्थ्य व्यवस्था र बजेट भएपछि जसले जता गए पनि हुने अवस्था रहेको अस्पताल व्यवस्थापन समिति बैतडीका अध्यक्ष पार्वती भट्टले बताउनुभयो। उहाँले जिल्ला अस्पताल प्रदेशमातहत, जिल्ला स्वास्थ्य कार्यालय सङ्घमातहत र प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी स्थानीय तहमातहत भएकाले कसैले कसैसित समन्वय नगर्ने प्रवृत्ति बढेको गुनासो गर्नुभयो। १५ शय्या क्षमताको जिल्ला अस्पताल बैतडीले नयाँ भवनबाट हाल ५० शय्या बराबर को उपचार सेवा दिने गरेको छ। अस्पतालमा जिल्लाभरिबाट वार्षिक ३८ हजारभन्दा बढी बिरामी उपचारका लागि आउने गरेको बैतडी अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. सुशील विकले बताउनुभयो।

# पानी प्रशोधनका लागि प्लान्ट निर्माण

नमस्ते समाचारदाता
बाजुरा, फागुन/०३



बृहत् मार्तडी खानेपानीले पानी प्रशोधन गर्नका लागी (ट्रिटमेन्ट प्लान्ट) निर्माण गरेको छ। बाजुरा सदरमुकाम मार्तडीको बडीमालिका नगरपालिका-८ मा रहेको सो खानेपानीलाई प्रशोधन गर्न ट्रिटमेन्ट प्लान्ट निर्माण गरेको हो। बृहत् मार्तडी खानेपानी उपभोक्ता समितिले खानेपानीको परीक्षणसहित ट्रिटमेन्ट प्लान्ट निर्माण गरिएको खानेपानी उपभोक्ता समितिका व्यवस्थापक कर्ण बहादुर रावलले बताउनुभयो। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना धनगढीले दुई करोड ५७ लाख ३७ हजार ६७ रुपैयाँ लागतमा पानी प्रशोधनका लागि ट्रिटमेन्ट निर्माण गरिएको व्यवस्थापक रावलले जानकारी दिनुभयो। मुहानबाट आएको पानीलाई प्रशोधन गरेर (छानेर) सोझै उपभोक्ताको धारामा पठाउने गरेको व्यवस्थापक रावलले भन्नुभयो।

# रेडियो नेपालकर्मी आलम खान मस्जिद इदगाह समितिको प्रवक्ता नियुक्त

नमस्ते समाचारदाता
बाँके, फागुन/०३



बाँकेको नेपालगञ्ज-३, एक्लैनि स्थित पश्चिम नेपालकै सबैभन्दा ठूलो मुस्लिम धार्मिक संस्था दारुल उलुम फैजुन्नबी जामा मस्जिद इदगाह संचालक समितिको प्रवक्तामा आलम खान नियुक्त हुनुभएको छ। शनिबार सम्पन्न प्रथम बैठकले खानलाई प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरेको हो। बैठकले मस्जिद तथा मदरसाका कार्यहरूको समीक्षा गर्दै आगामी योजना तय गरेको छ। संस्थाका अध्यक्ष हाजी अब्दुल रहमान मियाँको अध्यक्षतामा सम्पन्न बैठकले, विगत केही वर्षदेखि नवीकरण नभएको संस्थालाई जिल्ला प्रशासन कार्यालयद्वारा गठित आर्थिक छानबिन समितिको काम छिटो सम्पन्न गराई नवीकरण गराउन प्रमुख जिल्ला अधिकारी सँग समन्वय गर्ने निर्णय गरेको छ। साथै, पाँच महिनादेखि तलब नपाएका कर्मचारीहरूलाई १० दिनभित्रै तलब उपलब्ध गराउने निर्णय पनि गरिएको छ। संस्थाको बैंक खाता सञ्चालनका लागि अध्यक्ष मियाँ, उपाध्यक्ष हाजी रौनक अली इद्रिसि, र कोषाध्यक्ष हाजी मोहम्मद हुसेन हल्वाईलाई जिम्मेवारी दिने निर्णय गरिएको छ। बैठकले निर्माणाधीन जामा मस्जिदको कामलाई तीव्रता दिने निर्णय गरेको छ। कोषाध्यक्ष हल्वाईको प्रत्यक्ष निगरानीमा निर्माण कार्य अघि बढाइने समितिले जनाएको छ। साथै, मस्जिदका धार्मिक विषयमा बोल्ने अधिकार मुफ्ती जाफर रजालाई दिने निर्णय गरिएको कोषाध्यक्ष मोहम्मद हुसेनले जानकारी दिनुभएको छ। बैठकमा आउँदै गरेको पवित्र महिना रमजानको तयारीबारे पनि छलफल गरिएको थियो। बैठकको सञ्चालन सहसचिव अब्दुल अजीज काजी अन्सारीले गर्नुभएको थियो भने कार्यसमिति सदस्यहरू, वरिष्ठ सल्लाहकार सैयद रिहान मियाँ, कानुनी सल्लाहकार अधिवक्ता जमालुद्दीन अन्सारी, आर्थिक सल्लाहकार मोहशीन खान लगायतको उपस्थिति रहेको थियो।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

खार्पुनाथ गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके